# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४६।३।१४ मा देहाय अनुसारको "राष्ट्रिय विज्ञान तथा प्रविधि नीति" स्वीकृत गरेको छ।

## राष्ट्रिय विज्ञान तथा प्रविधि नीति

### १. भूमिका

१.१ कुनै पनि मुलुकको सामाजिक तथा आर्थिक उन्नति र विज्ञान तथा प्रविधि विकासबीच अन्तरनिर्भरता भएकोले सो राष्ट्रको अन्तरनिहित सामर्थ्य वैज्ञानिक तथा प्राविधिक दक्षतामा निर्भर रहने कुरा सबैले मानिआएको तथ्य हो।

१.२ हाम्रो देशमा छोटो अवधिभित्र विज्ञान तथा प्रविधि क्षेत्रमा केही पूर्वाधारहरूको स्थापना, जनशक्तिको विकास र दक्षतामा सुधार भएको भए तापनि विज्ञान तथा प्रविधिले राष्ट्रिय विकासमा प्रत्यक्ष र प्रभावकारी योगदान पुऱ्याउन बाँकी नै छ।

१.३ मौजुदा अनुभावमा वैज्ञानिक तथा प्राविधिक क्रियाकलापको सञ्चालन कुनै निश्चित प्रणालीअन्तर्गत नभएको देखिन्छ। यसको अतिरिक्त वैज्ञानिक तथा प्राविधिक समुदाय र सामाजिक एवं आर्थिक क्षेत्रबीच सम्बन्धको अभाव हुनुको साथै एक अर्कासित समन्वय पनि देखिंदैन।

१.४ विज्ञान तथा प्रविधि क्षेत्रको खास भूमिकाको पहिचान नहुनु, अपर्याप्त लगानी, उपलब्ध स्रोत र साधनको अव्यवस्थित वितरण तथा निर्दिष्ट लक्ष्यको अभावले गर्दा नै यस क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन।

१.५ यस स्थितिमा यथाशक्य छिटो सुधार ल्याउनुको साथै देशको वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरूलाई एक निर्दिष्ट दिशातर्फ लगी विज्ञान तथा प्रविधिको उपयोगबाट देशको सर्वतोमुखी विकासमा प्रभावकारी योगदान पुऱ्याउनु अति आवश्यक भएको छ। जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने देशको अठोटले यस आवश्यकतालाई अझ व्यापक पारेको देखिन्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

296

१.६ उपर्युक्त पृष्ठभूमिमा निर्दिष्ट दिशामा विज्ञान तथा प्रविधिको विकास र परिचालन गर्न सोसम्बन्धी नीतिको तर्जुमा गर्नु ग्रावश्यक हुन गएको हो।

१.७ प्रस्तावित राष्ट्रिय नीतिमा विज्ञान तथा प्रविधि विकासको उद्देश्य, लक्ष्य, प्राथमिकता, योजना, लगानी, प्रशासकीय र कानूनी व्यवस्था एवं संगठनात्मक ढाँचा ग्रादि प्रस्तुत गरिएको छ।

## २. उद्देश्य

राष्ट्रको सर्वतोमुखी विकासका लागि विज्ञान तथा प्रविधिको प्रयोग र सोको लागि क्षमताको ग्रभिवृद्धि गर्नु विज्ञान तथा प्रविधि विकासको उद्देश्य हुनेछ।

## ३. लक्ष्य

देश विकासको लागि विज्ञान तथा प्रविधिको प्रयोग गर्नु र वैज्ञानिक एवं प्राविधिक ग्रात्मनिर्भरताको विकास गर्नका सार्थ बौद्धिक सिर्जनाशीलताको ग्रभिवृद्धि गर्नु यसको लक्ष्य हुनेछ।

## ४. प्राथमिकता

वैज्ञानिक तथा प्राविधिक क्षमता वृद्धिको प्राथमिकता निम्नानुसार रहनेछः

४.१ जनताको ग्राधारभूत ग्रावश्यकता परिपूर्ति गर्ने।

४.२ गुणात्मक जनशक्ति विकास गर्ने र

४.३ राष्ट्रको सामाजिक, ग्रार्थिक विकासको प्राथमिक क्षेत्रमा प्रविधिको र वैज्ञानिक तथा प्राविधिक सेवाको विकास गर्ने।

## ५. योजना तर्जुमा

५.१ विज्ञान तथा प्रविधिको योजनाबद्ध विकासलाई देशको सर्वतोमुखी विकासको प्रयाससंग ग्रभिन्न अंगको रूपमा ग्राबद्ध गरिनेछ।

५.२ दीर्घकालीन, ग्रावधिक र क्षेत्रीय (सेक्टोरल) कार्यक्रमहरूको उद्देश्य र लक्ष्यसंग विज्ञान प्रविधिको लक्ष्यसमेत गाँसी सामन्जस्य कायम गरिनेछ।

५.३ विज्ञान तथा प्रविधिसम्बन्धी कार्यक्रम तर्जुमामा सम्बन्धित क्षेत्रको व्यापक सहभागिता राखिनेछ।

५.४ वैज्ञानिक तथा प्राविधिक समुदाय र सामाजिक तथा ग्रार्थिक क्षेत्रबीच व्यवस्थित सम्बन्धको स्थापना र समन्वय गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. कार्यक्रम तर्जुमा

कार्यक्रमको पक्षहरू तपसिलबमोजिम हुनेछ :

६.१ अनुसन्धान तथा विकास

६.१.१ बहुविषयक र लक्ष्यमूलक अनुसन्धान तथा विकास कार्यक्रमलाई प्रोत्साहित गर्ने ।

६.१.२ देशमा मौजुदा प्रविधिको उपयोग र विस्तारको लागि अध्ययन मूल्याङ्कन गर्ने ।

६.१.३ आधारभूत आवश्यकतामा परिपूर्तिको लागि आवश्यक पर्ने खाद्य, लत्ताकपडा, औषधि, शिक्षण एवं निर्माण सामग्रीजस्ता वस्तुहरूमा आत्मनिर्भर हुन निर्यातयोग्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउन कृषि र औद्योगिक प्रविधिहरूको विकास गर्नमा क्षमता हासिल गर्ने ।

६.१.४ उपलब्ध प्राकृतिक स्रोत र साधनलाई उपयोगी वस्तु जस्तै मलखाद, वैकल्पिक उर्जा तथा अन्य औद्योगिक उत्पादनमा परिणत गर्न औद्योगिक अनुसन्धान तथा विकासको लागि संगठनात्मक व्यवस्था गर्ने ।

६.१.५ जलस्रोतलाई उर्जा, सिंचाइ र खानेपानीको लागि उपयोगमा ल्याउन सहायक हुने प्रविधिको विकासमा जोड दिने ।

६.१.६ वातावरण सन्तुलन, स्रोत तथा साधनको सर्भेक्षण एवं मूल्याङ्कन र यातायात एवं सञ्चारजस्ता अन्य सेवाको लागि उपयुक्त प्रविधिहरूको विकास गर्ने ।

६.१.७ अनुसन्धान तथा विकासको सञ्चालनमा उपलब्ध अवसर र आधुनिक विधिलाई यथासम्भव उपयोग गरी विज्ञान तथा प्रविधिको स्तर बढाउन र

६.१.८ आधुनिक विज्ञान तथा प्रविधि प्रयोगको निम्ति क्षमताको विकास गर्ने ।

६.२ प्रविधि हस्तान्तरण

६.२.१ प्रविधि हस्तान्तरणमा स्वदेशी प्रविधिलाई प्रोत्साहित गर्ने ।

६.२.२ वाह्य स्रोतबाट प्रविधि हस्तान्तरण हुंदा सफ्टवेयर र इन्टरमिडियट हार्डवेयर प्रविधिको आयातमा जोड दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.२.३ प्रविधि हस्तान्तरणलाई देशको आर्थिक एवं प्राविधिक विकासको लागि लाभदायक र प्रभावकारी बनाउने।

६.२.४ प्रविधि ग्रहण क्षमताको विकासको लागि प्रविधि हस्तान्तरणसम्बन्धी परीक्षण, मूल्याङ्कन, छनौट, निरीक्षण एवं नियन्त्रणको व्यवस्था गर्ने।

## ६.३ गुणात्मक जनशक्ति विकास

६.३.१ विज्ञान तथा प्रविधिको विकासको निम्ति आवश्यक र उपयुक्त जनशक्ति उपलब्ध गराउने ।

६.३.२ वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई बढी उत्पादक तथा सिर्जनशील बनाउन ज्ञान र सीप विकासको अवसरहरू प्रदान गर्नुका अतिरिक्त उचित पारिश्रमिक, सामाजिक मान्यता आदिको व्यवस्था गर्ने ।

६.३.३ गुणात्मक जनशक्ति विकासका लागि शिक्षा तथा तालीम प्रणालीमा सुधार ल्याउने ।

६.३.४ अध्यापन र सीप विकासको निमित्त पर्याप्त लगानी गर्ने ।

६.३.५ विश्वविद्यालय एवं अन्य शिक्षण तथा वैज्ञानिक संस्थाहरूमा रहेका जनशक्तिलाई विज्ञान तथा प्रविधि अनुसन्धान कार्यमा लगाउन प्रोत्साहित गर्ने ।

## ६.४ प्रवर्द्धन तथा विस्तार

६.४.१ विज्ञान तथा प्रविधिको विकास, परिचालन, उपयोग र उत्थानको निमित्त समाजमा अनुकुल वातावरणको सृजना गर्ने ।

६.४.२ विज्ञान तथा प्रविधि विकासको लागि जनसहभागिता जुटाउने ।

६.४.३ विभिन्न माध्यम र प्रक्रियाद्वारा विज्ञान तथा प्रविधि र त्यसको उपादेयताबारे चेतना जगाउने ।

६.४.४ वैज्ञानिक, प्राविधिक र अन्य व्यवसायीहरूबीच पारस्परिक सम्बन्ध विकास गर्ने ।

६.४.५ विज्ञान तथा प्रविधिलाई जनग्राह्य गराउन सञ्चार तथा अन्य उपयुक्त माध्यमलाई परिचालन गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कार्यनीति

७.१ विज्ञान तथा प्रविधिको विकास कार्यक्रममा अनुसन्धान विकास, प्रविधि हस्तान्तरण, गुणात्मक जनशक्ति विकास र प्रवर्द्धन तथा विस्तारको एकीकृत क्रियाकलाप हुनेछ।

७.२ विज्ञानको विकास तथा प्रविधिको विकासलाई एक अर्कोसित आबद्ध गरिनेछ।

७.३ वहुविषयात्मक तथा लक्ष्यमुखी अनुसन्धान तथा विकासमा जोड दिइनेछ।

७.४ प्रविधि समायोजन तथा स्वदेशी प्रविधिको सुधारद्वारा प्रविधिको सृजना गर्ने दृष्टिकोण हुनेछ।

७.५ देशको प्राज्ञिक क्षेत्र र सरकारी एवं निजी क्षेत्रका बीच अनुसन्धान तथा विकास कार्यक्रमहरूमा आपसी सम्बद्धता वृद्धि गरिनेछ।

८. पूर्वाधार

८.१ मौजुदा पूर्वाधारहरूलाई आवश्यकता अनुरूप सुदृढीकरण र सुधार गरी उपयोगी बनाउन विशेष जोड दिइनेछ।

८.२ कार्यक्रम संचालनका लागि आवश्यक सेवा र सुविधासहितको आवश्यक भौतिक पूर्वाधारहरूको सृजना गरिनेछ।

८.३ वहुउद्देश्यीय वैज्ञानिक एवं प्राविधिक सूचना तथा तथ्याङ्क सङ्कलन र वितरण प्रणालीको विकासमा जोड दिइनेछ र सोका लागि सञ्चार माध्यमको विकास गरिनेछ।

८.४ उपयुक्त प्रविधि छनौट र हस्तान्तरणको लागि आवश्यक आधारशिलाको विकास गरिनेछ।

९. प्रशासकीय, आर्थिक र कानूनी व्यवस्था

९.१ विज्ञान तथा प्रविधि क्षेत्रको विकासको लागि पर्याप्त मात्रामा लगानी गरिनेछ।

९.२ विज्ञान तथा प्रविधिको क्रियाकलापलाई प्रवर्द्धन र निर्देशित गर्न प्रशासकीय र कानूनी व्यवस्था गरिनेछ।

९.३ अनुसन्धान तथा विकास र प्रविधि हस्तान्तरणबीच समन्वय ल्याइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९.४ प्रशासकीय, आर्थिक र कानूनी व्यवस्थाको लक्ष्य तपसिलबमोजिम हुनेछ ।

९.४.१ स्वदेशी अनुसन्धान तथा विकास कार्यको प्रवर्द्धन तथा संरक्षण गर्ने ।

९.४.२ वैज्ञानिक तथा प्राविधिज्ञहरूलाई अनुसन्धान तथा विकास सम्बन्धी कृयाकलापहरूमा प्रोत्साहित गर्ने ।

९.४.३ गैरसरकारी क्षेत्रको व्यक्ति वा संघ संस्थाहरूलाई अनुसन्धान तथा विकासको गतिविधिमा सहभागी हुन र लगानी गर्न प्रोत्साहित गर्ने ।

९.४.४ वैज्ञानिक तथा प्राविधिक बौद्धिक सम्पदाको संरक्षण गर्ने ।

९.५ वैज्ञानिक एवं प्राविधिज्ञहरूले देश विकासमा प्रभावकारी योगदान पुऱ्याउन सक्ने वातावरणको सृजना गरिनेछ ।

१०. संगठनात्मक ढाँचा

१०.१ नीति निर्देशन, योजना कार्यक्रमको तर्जुमा, कार्यान्वयनको अनुगमन ( Monitoring ) तथा समन्वयमा राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद्को सहयोग लिई राष्ट्रिय योजना आयोगले प्रमुख भूमिका खेल्नेछ ।

१०.२ मूलभूत नीति अनुरूप आ-आफ्नो क्षेत्रको विज्ञान तथा प्रविधिसम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वयन गर्ने कार्य सम्बन्धित मन्त्रालय र निकायहरूको हुनेछ ।

१०.३ विज्ञान तथा प्रविधि कार्यक्रमहरूको कार्यान्वयनको अनुगमनमा सघाउ पुऱ्याउन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (रोनाष्ट) ले देशको विज्ञान तथा प्रविधिको स्थितिको विवेचनाको साथै विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान कार्यको समन्वय, उपयुक्तिकरण तथा अनुगमन गर्नेछ ।

११. स्रोत परिचालन

११.१ देशको विज्ञान तथा प्रविधि विकास र परिचालनमा सरकारी क्षेत्रको प्रयासलाई सघाउ पुऱ्याउनमा गैरसरकारी तथा वैदेशिक सहायताको भूमिकालाई ठूलो महत्त्व दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

११.२ प्रविधि ग्रहण क्षमता वृद्धिको लागि सरकारी तथा गैरसरकारी क्षेत्रका उद्योगहरूलाई अन्य क्षेत्रसंग संयुक्त रूपमा अनुसन्धान तथा विकास कार्यमा सहभागी बनाउन प्रोत्साहित गरिनेछ ।

११.३ व्यवसायिक संघ संस्थालाई विज्ञान तथा प्रविधि प्रवर्द्धन तथा विस्तार कार्यमा संलग्न गराउनको लागि प्रोत्साहित गरिनेछ ।

११.४ देशको विज्ञान तथा प्रविधि विकासको प्रयासलाई सबल पार्न मित्रराष्ट्र, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थासित सम्बन्ध कायम गरी आर्थिक, प्राविधिक एवं ज्ञान र सीपको सहयोग परिचालन गरिनेछ ।

११.५ TCDC को साथै सार्क राष्ट्रहरूबीच वैज्ञानिक सम्बन्ध कायम गर्ने र प्रविधिको आदान-प्रदान गर्नमा विशेष प्राथमिकता दिइनेछ ।

१२. नीति संशोधन

आवश्यक परेमा हरेक पाँच वर्षमा यस नीतिको समीक्षा र संशोधन गरिनेछ ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४६।४।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि. नं. | नाम र थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री भुवनेश्वर खत्री | विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह | सचिव, उद्योग मन्त्रालय । |
| २. | श्री राधारमण उपाध्याय | सचिव, उद्योग मन्त्रालय | सचिव, लोक सेवा आयोग । |
| ३. | श्री नरसिंहनारायण सिंह | सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | सचिव, मन्त्रिपरिषद् सचिवालय । |

## सूचना ३

श्री ५ को सरकारले मिति २०४६।४।२० को निर्णयानुसार शिक्षा तथा संस्कृति मन्त्रालयका अतिरिक्त सचिव श्री रमेशजंग थापालाई सोही मन्त्रालयको सचिव पदमा मिति २०४६।४।२३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।